प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर चौथो तह, फरेष्टर वा सो सरह पदको खुला र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम र परीक्षा योजना

पाठ्यक्रमको रुपरेखाः यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ।

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| प्रथम चरण | लिखित परीक्षा (Written Examination) | २०० |
| अन्तिम चरण | कम्प्युटर सीप परीक्षण (Computer Skill test) | १० |
| | अन्तर्वार्ता (Interview) | ३० |

## परीक्षा योजना (Examination Scheme)

१. प्रथम चरणः लिखित परीक्षा (Written Examination) पूर्णाङ्कः २००

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्याxअङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन (General awareness & Public management) | १०० | ४० | वस्तुगत (Objective) | बहुवैकल्पिक प्रश्न (MCQs) | २०x२=४० | ४५ मिनेट |
| | सेवा सम्बन्धी ज्ञान (Service Based knowledge) | | | | | ३०x२=६० | |
| द्वितीय | प्राविधिक विषय (Technical Subject) | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर<br>लामो उत्तर | १२x५=६०<br>४x१०=४० | २ घण्टा १५ मिनेट |

२. अन्तिम चरणः कम्प्युटर सीप परीक्षण (Computer Skill test) र अन्तर्वार्ता (Interview) पूर्णाङ्कः ४०

| पत्र/विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill test) | १० | प्रयोगात्मक (Practical) |
| अन्तर्वार्ता (Interview) | ३० | मौखिक (Oral) |

द्रष्टव्यः

१. यस पाठ्यक्रम योजनालाई प्रथम चरण र अन्तिम चरण गरी दुई चरणमा विभाजन गरिएको छ।

२. प्रश्नपत्रको भाषा नेपाली वा अङ्ग्रेजी वा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ।

३. परीक्षाको भाषा नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ।

४. खुला र समावेशी समूहको एउटै प्रश्नपत्रबाट परीक्षा सञ्चालन हुनेछ।

५. प्रथम पत्र र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ। दुवैपत्रको परीक्षा एकैदिनमा वा छुट्टाछुट्टै दिनमा लिन सकिनेछ।

६. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

७. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा मोवाईल फोन, स्मार्ट वाच, क्याल्कुलेटर जस्ता सामग्रीहरु प्रयोग गर्न पाइने छैन।

८. विषयगत प्रश्नहरुको हकमा तोकिएको अङ्कमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिनेछ।

९. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ।

१०. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक भाग/खण्डका प्रश्नहरुको उत्तर सोही भाग/खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

११. यस पाठ्यक्रम अनुसारका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगावै संशोधन भई कायम रहेका विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

१२. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

१३. प्रथम चरणको लिखित परीक्षाको प्राप्ताङ्क, अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्कको आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१४. यस भन्दा अगाडि लागू गरिएको माथि उल्लेखित सेवा, समूहको पाठ्यक्रम खारेज गरिएको छ।

१५. पाठ्यक्रम लागू हुने मितिः २०८१।११।०५

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर चौथो तह, फरेष्टर वा सो सरह पदको खुला र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

प्रथम पत्र (Paper I): सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन तथा सेवा सम्बन्धी ज्ञान

भाग (Part I):

सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन

(General awareness & Public management)

खण्ड (Section -A) (१०प्रश्न×२अङ्क= २०अङ्क)

१. सामान्य ज्ञान (General Awareness)

१.१. नेपालको भौगोलिक अवस्था, प्राकृतिक स्रोत र साधनहरु

१.२. कर्णाली प्रदेशको ऐतिहासिक, सांस्कृतिक र सामाजिक अवस्था सम्बन्धी जानकारी

१.३. कर्णाली प्रदेशको आर्थिक अवस्था र चालु आवधिक योजना सम्बन्धी जानकारी

१.४. मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञान र प्रविधिका महत्त्वपूर्ण उपलव्धीहरु

१.५. दिगो विकास, वातावरण प्रदुषण, जलवायु परिवर्तन र जनसङ्ख्या व्यवस्थापन

१.६. नेपालको संविधान (भाग १ देखि भाग ५ सम्म र अनुसूचीहरु)

१.७. संयुक्त राष्ट्र संघ, सार्क, बिमस्टेक सम्बन्धी जानकारी

१.८. राष्ट्रिय महत्त्वका समसामयिक गतिविधिहरु

खण्ड (Section -B) (१०प्रश्न×२अङ्क= २०अङ्क)

२. सार्वजनिक व्यवस्थापन (Public management)

२.१.कार्यालय व्यवस्थापन

२.१.१ कार्यालयः परिचय, महत्त्व कार्य र प्रकार

२.१.२ सहायक कर्मचारीका कार्य र गुणहरु

२.१.३ कार्यालय स्रोत साधनः परिचय र प्रकार

२.१.४ कार्यालयमा सञ्चारको महत्त्व, किसिम र साधन

२.१.५ कार्यालय कार्यविधिः पत्र व्यवहार, दर्ता र चलानी, फाइलिङ, परिपत्र, तोक आदेश, टिप्पणी लेखन

२.१.६ अभिलेख व्यवस्थापन

२.२. प्रदेश निजामती सेवा ऐनमा भएका व्यवस्थाहरु

२.२.१ निजामती सेवाको गठन, संगठन संरचना, पदपूर्ति गर्ने तरिका र प्रक्रियाहरु

२.२.२ कर्मचारीको नियुक्ति, सरुवा, वढुवा, बिदा, विभागीय सजाय र अवकाश

२.२.३ कर्मचारीले पालना गर्नुपर्ने आचरण, नैतिक दायित्त्व र कर्तव्यहरु

२.३.सार्वजनिक सेवा प्रवाहको अर्थ, सेवा प्रवाह गर्ने निकाय, तरिका र माध्यमहरु

२.४. मानव अधिकार, सुशासन र सूचनाको हक सम्बन्धी सामान्य जानकारी

२.५.सार्वजनिक वडापत्र

भाग (Part II)

सेवा सम्बन्धी ज्ञान (Service Based Knowledge) (३०प्रश्न×२अङ्क= ६०अङ्क)

१. सिल्भिकल्चरको सिद्धान्त र अभ्यास (Principle and practices of silviculture)

१.१. सिल्भिकल्चरको परिचय

१.२. सामान्य सिल्भिकल्चरका शव्दावलीहरु

१.३. वन र वनस्पतिलाई असर गर्ने स्थानीय कारकहरु (Locality Factors)

१.४. मुख्य वनजन्य रूख प्रजातिहरुको सिल्भिकल्चरल विशेषताहरु (साल, सिसौं, खोटे सल्ला, खयर, उत्तिस, गोब्रे सल्ला, मसला, चाँप, पोपलर, टिक, देवदार, गुराँस आदि)

२. वन व्यवस्थापन (Forest Management)

२.१. वनको परिभाषा तथा नेपालमा वनका प्रकारहरु

२.२. नेपालमा सामान्यतया रोपिने रूख प्रजातिहरुको नर्सरी तथा रोपण प्रविधि

२.३. तराई, पहाड तथा हिमाली क्षेत्रमा पाईने महत्त्वपूर्ण जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरु

२.४. महत्त्वपूर्ण जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरुको सिल्भिकल्चरल विशेषताहरु

२.५. महत्त्वपूर्ण जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरुको पहिचान तथा प्रयोग

२.६. काठ सिजनिङ्ग (Wood seasoning), काठ उपचार (Wood treatment) तथा काठमा देखिने प्रमुख दोषहरु

२.७. वन डढेलो तथा वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन

२.८. कर्णाली प्रदेशको चरणक्षेत्र व्यवस्थापन

३. समुदायमा आधारित वन व्यवस्थापन (Community Based Forest Management)

३.१. समुदायमा आधारित वन व्यवस्थापनका मोडलहरु (सामुदायिक वन, कबुलियति वन तथा साझेदारी वन) र यिनीहरु बीच भिन्नता

३.२. सामुदायिक वन, कबुलियति वन तथा साझेदारी वनका विधान तथा कार्ययोजना सम्बन्धी सामान्यज्ञान

३.३. सामुदायिक वन सम्बन्धी दिग्दर्शन तथा सामुदायिक वनको स्रोत सर्वेक्षण निर्देशिकाहरुको सामान्य जानकारी

३.४. कृषि वन र निजी वनमा लगाईने प्रमुख रूख प्रजातिहरु

४. वन सर्भे तथा वन स्रोत सर्वेक्षण (Forest Survey and Forest Resource Inventory)

४.१. वन स्रोत सर्वेक्षणको अवधारणा

४.२. वन स्रोत सर्वेक्षणमा प्रयोग हुने विभिन्न साधन र उपकरणहरु

४.३. रूखहरुको व्यास र उचाइ मापन

४.४. खडा र काटिएका रूखहरुको आधारभूत क्षेत्रफल, आयतन र बायोमास गणना

५. वन्यजन्तु व्यवस्थापन (Wildlife Management)

५.१. नेपालमा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ति क्षेत्रको परिचय

५.२. नेपालमा वन्यजन्तु र वनस्पति प्रजातिको संरक्षण तथा व्यवस्थापन

५.३. नेपालमा वन्यजन्तु तथा जैविक विविधता संरक्षणमा संलग्न निकायहरु

५.४. मानव वन्यजन्तु द्वन्द्वका कारण तथा समाधानका सम्भाव्य उपायहरु

५.५. वन्यजन्तु उद्धार र व्यवस्थापन

६. कानूनी परिचय (Introduction of the laws)

६.१. राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्बन्धी सामान्य जानकारी

६.२. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८० (आचरण, विदा र सजाय)

६.३. कर्णाली प्रदेश वन ऐन, २०७८ र नियमावली, २०८० सम्बन्धी सामान्य जानकारी

६.४. कर्णाली प्रदेश वातावरण संरक्षण ऐन, २०७७ र नियमावली, २०७७ सम्बन्धी सामान्य जानकारी

६.५. भ्रष्टाचार निवारण ऐन, २०५९ (परिच्छेद २)

## प्रथम पत्रको प्रश्नसंख्या तालिका

प्रथम पत्रबाट यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ।

| भाग | खण्ड | विषयबस्तु | परीक्षा प्रणाली | अङ्कभार | प्रश्नसंख्या×अङ्क |
|---|---|---|---|---|---|
| I | A | सामान्यज्ञान | बस्तुगत बहुवैकल्पिक प्रश्न | २० | १०प्रश्न×२अङ्क =२०अङ्क |
| | B | सार्वजनिक व्यवस्थापन | | २० | १०प्रश्न×२अङ्क =२०अङ्क |
| II | | सेवा सम्बन्धी ज्ञान | | ६० | ३०प्रश्न×२अङ्क =६०अङ्क |

प्रथम पत्रको भाग (Part II) सेवा सम्बन्धी ज्ञान विषयका एकाईवाट यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ।

| एकाई | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| वस्तुगत प्रश्न | ५ | ६ | ५ | ५ | ५ | ४ |

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर चौथो तह, फरेष्टर वा सो सरह पदको खुला र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

द्वितीय पत्र (Paper II): प्राविधिक विषय

खण्ड-(क) ५० अंक

१. सामान्य जानकारी (General Information)

१.१. वनको परिभाषा तथा वनका प्रकारहरु

१.२. नेपालमा वन संगठनको परिचय

१.३. नेपालमा काठ दाउरा संकलन र विक्रि वितरण सम्बन्धी व्यवस्था

१.४. सरकारद्वारा व्यवस्थित वन व्यवस्थापनका समस्या र चुनौतीहरु

१.५. सामुदायिक वन सम्बन्धी दिग्दर्शन तथा सामुदायिक वनको स्रोत सर्वेक्षण निर्देशिकाहरुको सामान्य जानकारी

१.६. वन र जैविक विविधता संरक्षण र व्यवस्थापनमा फरेष्टरको भूमिका

२. सिल्भिकल्चरको सिद्धान्त र अभ्यास (Principle and practices of silviculture)

२.१. सिल्भिकल्चरको परिचय

२.२. सामान्य सिल्भिकल्चरका शव्दावलीहरु

२.३. वन र वनस्पतिलाई असर गर्ने स्थानीय कारकहरु (Locality Factors)

२.४. मुख्य वनजन्य रूख प्रजातिहरुको सिल्भिकल्चरल विशेषताहरु (साल, सिसौं, खोटे सल्ला, खयर, उत्तिस, गोब्रे सल्ला, मसला, चाँप, पोपलर, टिक, देवदार, गुराँस आदि)

२.५. नेपालको वनमा अभ्यास गरिएका वन व्यवस्थापनका क्रियाकलापहरु

३. वन व्यवस्थापन (Forest Management)

३.१. नेपालमा वन व्यवस्थापनको इतिहास

३.२. नेपालमा वन व्यवस्थापनमा संलग्न निकायहरुको सामान्य जानकारी

३.३. वन नर्सरी नेपालमा सामान्यतया रोपिने रूख प्रजाति तथा तिनका रोपण प्रविधि

३.४. तराई, मध्य पहाडी र उच्च हिमालय क्षेत्रमा वन व्यवस्थापनका समस्याहरु

३.५. सहभागितामुलक वन व्यवस्थापनको चरणहरु

४. जडिवुटी तथा गैह्रकाष्ठ वन पैदावार (Non-timber Forest Products)

४.१. नेपालमा पाईने जडिवुटी तथा गैह्रकाष्ठ वन पैदावारको बारेमा जानकारी

४.२. तराई, पहाड तथा हिमाली क्षेत्रमा पाईने महत्त्वपूर्ण जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरु

४.३. महत्त्वपूर्ण जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरुको सिल्भिकल्चरल विशेषताहरु

४.४. महत्त्वपूर्ण जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरुको पहिचान तथा प्रयोग

४.५. महत्त्वपूर्ण जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरुको संकलन तथा विक्रि वितरणको बारेमा सामान्य जानकारी

५. समुदायमा आधारित वन व्यवस्थापन (Community Based Forest Management)

५.१. समुदायमा आधारित वन व्यवस्थापनको अवधारणा

५.२. समुदायमा आधारित वन व्यवस्थापनका मोडलहरु (सामुदायिक वन, कबुलियति वन, साझेदारी वन र वन संरक्षण क्षेत्र)

५.३. सामुदायिक वन, कबुलियति वन तथा साझेदारी वनका विधान तथा कार्ययोजना सम्बन्धी सामान्यज्ञान

५.४. नेपालमा समुदायमा आधारित वन व्यवस्थापनका चुनौती र अवसरहरु

खण्ड-(ख) ५० अंक

६. वन सर्भे तथा वन स्रोत सर्वेक्षण (Forest Survey and Forest Resource Inventory)

६.१. वन स्रोत सर्वेक्षणको अवधारणा र वन व्यवस्थापनमा प्रयोग

६.२. वन स्रोत सर्वेक्षणमा प्रयोग हुने विभिन्न साधन र उपकरणहरु

६.३. रूखहरुको व्यास र उचाइ मापन

६.४. खडा र काटिएका रूखहरुको आधारभूत क्षेत्रफल, आयतन र बायोमास गणना

७. कृषि वन र निजी वन (Agroforestry and Private Forestry)

७.१. कृषि वन र निजी वनको अवधारणा र महत्त्व

७.२. वन र जैविक विविधता संरक्षणमा कृषि वन र निजी वनको भूमिका

७.३. कृषि वन र निजी वनमा लगाईने प्रमुख रूख प्रजातिहरु

८. वन्यजन्तु व्यवस्थापन (Wildlife Management)

८.१. नेपालमा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ति क्षेत्रको सामान्य जानकारी

८.२. नेपालमा वन्यजन्तु र वनस्पति प्रजातिको संरक्षण तथा व्यवस्थापन

८.३. नेपालमा वन्यजन्तु तथा जैविक विविधता संरक्षणमा संलग्न निकायहरुको भूमिका

८.४. मानव वन्यजन्तु द्वन्द्वका कारण तथा समाधानका सम्भाव्य उपायहरु

९. वन उत्पादन र उपयोग (Forest Production and Utilization)

९.१. काठ कटान गर्ने औजार तथा प्रविधि

९.२. नेपालमा काठ कटान तथा बजारीकरणमा संलग्न निकायहरु

९.३. काठ सिजनिङ्ग (Wood seasoning) र काठ उपचार (Wood treatment) सम्बन्धी सामान्य जानकारी

९.४. वनबाट प्राप्त हुने वातावरणीय सेवा सम्बन्धी सामान्य जानकारी

१०. वन जैविक विविधता संरक्षण र जलाधार व्यवस्थापनमा अन्तर सम्बन्धित विषयहरु

१०.१. जलवायु परिवर्तन र REED+ सम्बन्धी सामान्य जानकारी

१०.२. वन क्षेत्रमा लैङ्गिक र सामाजिक समावेशीकरणको परिचय

१०.३. प्राकृतिक स्रोत संरक्षण र व्यवस्थापनमा सुशासन

१०.४. नेपालमा वन विकासमा संलग्न प्रमुख आयोजनाहरु

१०.५. वन प्रचार प्रसारको अवधारणा, महत्त्व तथा तरिकाहरु

१०.६. वन डढेलो तथा वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन

१०.७. वन तथा वन्यजन्तु मुद्दा सम्बन्धी कानूनी प्रक्रियाको सामान्य अवधारणा (मुचुल्का लगायत अन्य कानूनी कागजातहरुको तयारी)

१०.८. एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी सामान्य जानकारी

१०.९. पानी मुहान संरक्षण र जल भण्डारण

## ११. कानूनहरु (Laws)

११.१. राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्बन्धी सामान्य जानकारी

११.२. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८० (आचरण, विदा र सजाय)

११.३. कर्णाली प्रदेश वन ऐन, २०७८ र नियमावली, २०८० सम्बन्धी सामान्य जानकारी

११.४. कर्णाली प्रदेश वातावरण संरक्षण ऐन, २०७७ र नियमावली, २०७७ सम्बन्धी सामान्य जानकारी

११.५. भ्रष्टाचार निवारण ऐन, २०५९ (परिच्छेद २)

<u>द्वितीय पत्रको प्रश्नसंख्या तालिका</u>

द्वितीय पत्रका एकाईबाट यथासम्भव निम्नानुसार विषयगत प्रश्नहरु सोधिनेछ।

| खण्ड | खण्ड-(क) | | | | | खण्ड-(ख) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| छोटो प्रश्न | १ | २ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| लामो प्रश्न | १ | | | १ | | १ | | १ | | | - |

२. अन्तिम चरणः कम्प्युटर सीप परीक्षण (Computer Skill test)

विषयः कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

| विषय | पूर्णाङ्क | विषयवस्तु शीर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | Nepali Typing | २.५ अङ्क | ५ मिनेट |
| | | English Typing | २.५ अङ्क | ५ मिनेट |
| | | Word processing/Ms Word | २.५ अङ्क | १० मिनेट |
| | | Electronic Spreadsheet | २.५ अङ्क | |
| जम्मा | | | १० अङ्क | २० मिनेट |

Contents

1. Word processing/MS Word (0.5×3=1.5 Marks and 1×1=1 Mark)
   a. Creating, saving and opening documents
   b. Typing in Nepali and English
   c. Text formatting (Font, Size, Color, Underline, Italic, Bold, etc.) and paragraph formatting (alignment, indentation, spacing)
   d. Inserting Header, Footer, Page Number, Table, Pictures, Shapes, Hyperlink, Bookmark, Text Box, Symbol and Equation.
   e. Page Layout (margin, page size, orientation, Watermark, Page Borders, Columns) previewing and printing of documents
2. Electronic Spreadsheet (0.5×3=1.5 Marks and 1×1=1 Mark)
   a. Text formatting (Font, Size, Color, Underline, Italic, Bold, etc.)
   b. Page setting (margin, page size, orientation) previewing and printing of documents
   c. Formatting the data
   d. Using Basic Functions (SUM, MAX, MIN, AVERAGE)
   e. Using charts

अंग्रेजी र नेपाली Typing Skill Test को लागि निर्देशन

१. नेपाली Typing Skill Test को लागि १५० शब्दको एउटा Text दिइनेछ र देहाय अनुसार अङ्क प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ३ वा सो भन्दा बढी र ६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.२५ अङ्क |
| ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्धशब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |
| २७ वा सो भन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.२५ अङ्क |
| ३० वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट बापत | २.५० अङ्क |

२. English Typing Skill Test को लागि २०० शब्दको एउटा Text दिइनेछ र देहायअनुसार अङ्क प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.२५ अङ्क |
| ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २७ वा सो भन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |
| ३० वा सो भन्दा बढी र ३३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.२५ अङ्क |
| ३३ वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट बापत | २.५० अङ्क |

३. नेपालीमा दिइएको Text लाई अनिवार्य रुपमा युनिकोड (रोमानाइज्ड वा ट्रेडिसनल) मा टाइप गर्नुपर्नेछ।

४. अंग्रेजी र नेपाली Typing मा दिइएको Text लाई आधार मानि टाइप गरेको Text सँग भिडाई परीक्षण गरिनेछ। दिइएको अंग्रेजी वा नेपाली Text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन। तत्पश्चात, निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रतिमिनेट (Correct words/minute) निकालिनेछ।

Formula: शुद्ध शब्द प्रति मिनेट (Correct Words/minute) = $\frac{\text{(Total words typed} - \text{Wrong words)}}{5}$

समाप्त